# विपद् खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# विपद् खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

**२०७८।०४।२८**

**<u>प्रस्तावना</u>**: विपद्जन्य घटनाबाट प्रभावित व्यक्ति तथा परिवारको खोज तथा उद्धार गर्ने र राहत उपलव्ध गराउने कार्यलाई थप व्यवस्थित गरी विपद् सम्वद्ध कार्यमा प्रदेशको भूमिकालाई प्रभावकारी बनाउन कार्यविधि बनाई लागू गर्न आवश्यक भएकोले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "विपद् खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा १० बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(ग) "विपद्" भन्नाले ऐनको दफा २ को खण्ड (घ) र (ज) बमोजिमको विपद् सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "राहत" भन्नाले विपद् भइरहेको वा भइसकेको समयमा वा विपद् पश्चात विपद् प्रभावितलाई आवश्यक व्यवस्थापन एवम् बन्दोबस्तीका लागि यस कार्यविधि बमोजिम प्रदान गरिने नगद वा जिन्सी सहायतालाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(छ) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

(ज) "संघीय ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

## परिच्छेद-२

## विपद् पूर्व तयारी व्यवस्थापन

३. **पूर्व तयारी गरिनेः** विपद्को पूर्व तयारीका लागि प्रदेश सरकारले देहाय बमोजिमको कार्य गर्नेछ,-

(क) निर्देशक समिति एवं कार्यकारी समितिले संघीय ऐन एवम् ऐनको अधिनमा रही प्रदेशभित्र आइपर्न सक्ने प्राकृतिक एवं गैरप्राकृतिक विपद्को जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् पूर्व तयारी

अन्तर्गत खोज तथा उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी वा गराई जुनसुकै क्षेत्रमा विपद्को समयमा आवश्यकता अनुसार तत्काल राहत तथा उद्धार सामग्री उपलव्ध हुने व्यवस्था मिलाउन,

(ख) जोखिममा परेका बस्तीको संरक्षण वा बस्ती स्थानान्तरण लगायतका कार्यका लागि अध्ययन, अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण गर्न आवश्यक बजेट तथा स्रोत साधनको व्यवस्था गर्ने,

(ग) विपद्को जोखिममा रहेका प्रदेशभित्रका क्षेत्रको जोखिम आकलन (Risk Assessment) तथा संकटसन्नता नक्साङ्कन (Hazard Mapping) गर्ने, गराउने,

(घ) प्रदेश अन्तर्गतका जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिमार्फत खोज, उद्धार तथा राहत सामग्री र तालिम प्राप्त जनशक्तिको लगत तयार गरी सो को अभिलेख अद्यावधिक गर्ने,

(ङ) प्रदेश एवं जिल्लास्तरबाट विपद् सचेतना अभिवृद्धि गर्नका लागि विपद् कृत्रिम अभ्यास (Simulation Exercise) गर्ने गराउने,

(च) मानवीय एवं सामाजिक सहायताको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था समेतको संलग्नतामा विपद् सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने गराउने,

(छ) जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले आफ्नो क्षेत्रभित्रका सम्भाव्य खुला क्षेत्रहरू पहिचान गर्ने र विपद्को समयमा प्रयोग गर्न सकिने गरी

न्यूनतम पूर्वाधारहरूसहित तयारी अवस्थामा राख्ने र सोको लगत अद्यावधिक गर्ने,

(ज) विपद्को कारणले विस्थापित परिवारहरूलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले सम्भव भएसम्म शिक्षण संस्था र स्वास्थ्य केन्द्र बाहेकका अस्थायी आश्रय गृह, अन्य अस्थायी संरचना र पहिचान गरिएका खुला क्षेत्रहरू प्रयोग गर्ने,

(झ) प्रदेश अन्तर्गतका जिल्लाहरूमा सम्भावित विपद्को पूर्व तयारीका लागि जिल्ला विपद् व्यवस्थापन समितिहरूलाई आवश्यकता अनुसार निर्देशन दिने र अनिवार्य रुपमा आवधिक प्रतिवेदन लिने,

(ञ) सम्भावित विपद्बाट हुने धनजनको क्षतिको न्यूनीकरण गर्न पूर्व चेतावनी प्रणाली (Early Warning System) को विकास गर्ने,

(ट) प्रदेश विपद् पूर्व तयारी र प्रतिकार्यको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

## परिच्छेद-३

## खोज तथा उद्धार सम्बन्धी व्यवस्था

४. **खोज तथा उद्धारः** प्रदेश सरकारले विपद् पश्चातको खोज तथा उद्धार कार्यका लागि देहायका कार्य गर्ने गराउनेछः-

(क) प्रदेश प्रहरीलाई आवश्यकता अनुसार खोज तथा उद्धार सम्वन्धी तालिम दिइनेछ। उक्त तालिम प्राप्त

जनशक्ति जुनसुकै बेला परिचालित हुन सक्ने गरी तयारी अवस्थामा राख्ने,

(ख) विपद्को प्रथम प्रतिकार्यको जिम्मेवारी समुदाय र नजिकको सुरक्षा एकाईको तथा प्रतिकार्यको विशेष जिम्मेवारी विपद् सम्बद्ध सुरक्षा एकाईको हुने,

(ग) खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग उचित समन्वय गर्दै यस कार्यमा परिचालित हुने व्यवस्था मिलाउने,

(घ) विशेष प्रभावित जिल्ला र क्षेत्रको समुदायस्तरमा तालिम प्राप्त जनशक्ति तयार गरी परिचालन गर्ने,

(ङ) सूचना संकलन र प्रवाह गर्ने कार्यलाई आधिकारिक, भरपर्दो र विश्वसनीय बनाउनका लागि विपद् सूचना अधिकारी तोक्ने तथा अनुसन्धानसँग सम्बन्धित निकाय र स्थानीय तहसम्म सूचना सञ्जालको व्यवस्था मिलाउने,

(च) कुनै विपद्को घटना घटेमा वा घट्दैछ भन्ने लागेमा स्थानीय तहले तुरून्त सूचना गर्ने र सम्बोधन हुने संयन्त्र निर्माण गर्ने,

(छ) विपद्बाट क्षति भएको धनजनको तथ्याङ्क तत्काल यकिन गर्ने व्यवस्था मिलाउने।

## परिच्छेद-४
## विपद् व्यवस्थापनका लागि राहत वितरण

५. **राहत वितरणः** (१) प्रदेशभित्र यस कार्यविधि बमोजिम राहत वितरण गर्दा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिबाट गरिनेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम विपद्बाट भएको देहायका क्षतिमा देहाय बमोजिम राहत उपलब्ध गराउनेछः-

(क) प्रदेशभित्र विपद्का घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने नेपाल सरकारले उपलव्ध गराउने राहत रकमको अतिरिक्त प्रति मृतक प्रदेश सरकारको तर्फबाट पचास हजार रुपैयाँ उपलव्ध गराउने।

(ख) विपद्मा परी कुनै व्यक्ति बेपत्ता भई खोजी कार्य गर्दा घटना भएको मितिले नब्बे दिनसम्म फेला नपरेमा सम्बन्धित स्थानीय तहको सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एकाघर परिवारको नजिकको हकवालालाई पचास हजार रुपैयाँ उपलव्ध गराउने।

(ग) विपद्बाट भएको क्षतिको राहतस्वरूप तत्काल गुजाराको लागि नेपाल सरकारले प्रदान गर्ने रकमको अतिरिक्त प्रति परिवार दश हजार रुपैयाँ वा सो बराबरको जिन्सी राहत सामग्री थप प्रदान गर्ने।

(घ) घर क्षतिको अवस्था हेरी क्षतिको अनुपातमा आवश्यक निर्माण सामग्रीको व्यवस्थापनका लागि सो सम्बन्धमा नेपाल सरकारले प्रदान गर्ने रकमको अधिकत सीमाले नपुग्ने भएमा प्रदेश सरकारको तर्फबाट अतिरिक्त सहायता बापत बढीमा पच्चीस हजार रुपैयाँसम्म वा सो बराबरको जिन्सी राहत सहायता उपलब्ध गराउने।

(ङ) विपद्को घटनामा परी घाइते हुनेहरूलाई जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सम्भव भएसम्म सरकारी अस्पतालमा उपचार गराउँदा लागेको उपचार खर्च नेपाल सरकारले उपलव्ध गराउने रकमको अधिकतम सीमाले नपुग हुने भएमा पन्ध्र हजार रुपैयाँ सम्म सम्बन्धित अस्पताललाई भुक्तानी दिने र अस्पतालबाट डिस्चार्ज भई घर जान त्यस्तो व्यक्तिलाई प्रति व्यक्ति एक हजार रुपैयाँ यातायात खर्च दिने। यस्तो यातायात खर्च बापतको रकम निजले अस्पतालबाट डिस्चार्ज भए पश्चात् सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सोधभर्ना लिन सक्नेछ।

(३) विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा गुणस्तरीय राहत सामग्री मात्र वितरण गर्ने। मानवीय आत्मसम्मान र उपभोक्ता हित विपरीतको कार्यविधि र गुणस्तरहीन सामग्री उपलब्ध गराउनु हुँदैन।

(४) विपद् प्रभावित परिवारको लागि दैनिक उपभोग्य र खाद्य सामग्री राहत स्वरूप वितरण गर्दा एकमुष्ट रूपमा परिवारलाई आधार मानी उपलब्ध गराउनु पर्नेछ।

(५) प्रदेशस्तरमा विपद् प्रभावितहरूलाई पुनःस्थापना तथा पुनर्निर्माणका लागि प्रचलित कानून बमोजिम वन क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको तोकिएको निकायले जिल्ला प्रशासन कार्यालयको सिफारिसमा प्राथमिकताको आधारमा सहुलियत दरमा काठ उपलब्ध गराउनु पर्नेछ।

(६) यस कार्यविधि बमोजिम राहत वितरण गर्दा भूकम्प, बाढी, पहिरो, आगलागी, भारी वर्षा, असिना, हुरी बतास, चट्याङ्ग, शीतलहर, हिमपात, डुवान, हिमपहिरो, खडेरी, हिमताल विष्फोटन, सर्पदंश, विषाक्त किटदंश जस्ता विपद्का कारणबाट भएको प्रभावितहरूलाई मात्र राहत सहयोग उपलव्ध गराइनेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (क) बाहेक अन्य क्षति भएको हकमा तत्काल राहत दिन जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय भई गराउँदा समस्या पर्ने भन्ने लागेमा तत्कालको लागि जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्षले निर्णय गरी राहत उपलब्ध गराउन बाधा पर्नेछैन।

तर यस्तो वितरण गरेको राहतको निर्णय तत्कालै बस्ने जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट समर्थन गराउनु पर्नेछ।

६. <u>**राहत वितरण प्राथमिकता:**</u> राहत वितरण गर्दा पीडितमध्ये महिला, बालबालिका, ज्येष्ठ नागरिक, बिरामी, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

७. **<u>पेश गर्नु पर्ने कागजातः</u>** (१) यस कार्यविधि बमोजिम राहत सहयोगको लागि पीडितले अनुसूची-१ बमोजिमको ढाँचाको निवेदन साथ जिल्ला विपद् व्यवस्थापन समिति समक्ष देहाय बमोजिमको कागजात संलग्न गर्नु पर्नेछः-

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसपत्र एवं क्षतिको विवरण सहितको सम्बन्धित वडाको सिफारिसपत्र,

(घ) क्षतिको विवरण यकिन गरिएको प्रहरी मुचुल्का,

(ङ) घटनासँग सम्बन्धित तस्वीर।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट राहत माग गर्दा वा प्रदान गर्दा उल्लिखित सो वा अन्य यस्तै कागजातहरु पेश भइ सकेको भए सोही कागजातलाई आधार मानेर राहत प्रदान गर्न सकनेछ।

तर अपुग हुने अतिरिक्त राहत उपलब्ध गराउँदा सोको पुष्टि हुने कागजात निवेदन साथ पेश गर्नु पर्नेछ।

८. **<u>राहत वितरणको समय सीमाः</u>** जिल्ला विपद् व्यवस्थापन समितिले यो कार्यविधि बमोजिम राहत सहयोग उपलव्ध गराउँदा घटना भएको तीस दिनभित्र सूचना प्राप्त भएको घट्नाका लागि मात्र राहत सहयोग उपलव्ध गराउनेछ।

९. **<u>समन्वय गर्नेः</u>** (१) प्रदेश सरकारले राहत वितरणका लागि संघीय सरकार, स्थानीय तह र विभिन्न दातृ निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय सहायता संस्थासँग आवश्यक समन्वय गर्नेछ।

(२) दातृ निकाय, मानवीय सहायता संस्था वा कुनै प्रकृतिको गैरसरकारी संस्थाले राहत वितरण गर्दा राहत वितरण योजना र वितरीत राहतको विवरण सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

१०. **राहत सहयोग परिचालन तथा वितरणः** (१) यो कार्यविधि प्रारम्भ भएपछि ऐनको दफा ३५ बमोजिम राहत उपलब्ध गराउनु परेमा निर्देशक समितिले निर्णय गरी यस कार्यविधिको दफा ५ को उपदफा (२) बमोजिमको राहत वितरण गर्न प्रदेश अन्तर्गतका सबै जिल्ला विपद् व्यवस्थापन समितिहरूलाई कोषबाट प्रारम्भमा दश/दश लाख रुपैयाँका दरले रकम उपलव्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधिको अधिनमा रही जिल्ला विपद् व्यवस्थापन समितिले छुट्टै अभिलेख राखी खर्च गर्नेछ र खर्चको आधारमा न्यूनतम पाँच लाख रुपैयाँ मौज्दात नघट्ने गरी सोधभर्ना माग गर्नु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष घटनामा कार्यकारी समितिको निर्णय बमोजिम कोषबाट व्यहोरिने गरी मन्त्रालयले प्रत्यक्ष रूपमा राहत प्रदान गर्न कुनै बाधा पुग्ने छैन।

तर यसरी राहत वितरण गर्दा वितरणको मापदण्ड यसै कार्यविधिले निर्धारण गरेको सहायताको सीमा बमोजिम गर्नु पर्नेछ।

११. **कोषबाट व्यहोरिनेः** यस कार्यविधि बमोजिम उपलब्ध गराइने राहत ऐनको दफा १० बमोजिमको कोषबाट व्यहोरिने छ।

१२. **विवरण पेश गर्नु पर्नेः** यस कार्यविधि बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट वितरण भएको राहत वितरणको विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रत्येक चौमासिक

रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

१३. **<u>अतिरिक्त राहत प्रदान गर्न बाधा नपर्नेः</u>** **(१)** प्रदेशभित्रको कुनै स्थानमा विपद् परी विशेष अवस्थाको सिर्जना भएमा निर्देशक समितिको सिफारिसमा कार्यकारी समितिले नेपाल सरकार वा स्थानीय तह वा दुवैले उपलव्ध गराएको राहत अपुग भएको भन्ने लागेमा त्यसरी उपलब्ध राहतको प्रयोजन एवं क्षेत्र एउटै नपर्ने गरी थप अतिरिक्त राहत प्रदान गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने राहत/सहायता रकमको सीमा सोही निर्णय गर्दाका बखत निर्धारण भए बमोजिम हुनेछ।

१४. **<u>विभिन्न निकाय मार्फत राहत उपलब्ध गराउन सक्ने</u>**ः कार्यकारी समितिले निर्णय गरी विपद्को लागि कुनै जिन्सी राहत सम्बन्धित विपद् क्षेत्र वा सोसँग सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनु परेमा एकमुष्ट रुपमा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, कुनै सुरक्षा संगठन, वा सरकारी निकाय वा कार्यालय मार्फत हस्तान्तरण गरी उपलब्ध गराउन सक्नेछ।

१५. **<u>कार्यविधि बमोजिम राहत दिनु पर्नेः</u>** प्रदेशभित्र जुनसुकै विपद् प्रभावितलाई राहत वितरण गर्दा यस कार्यविधिले निर्धारण गरे बमोजिम वितरण गर्नु पर्नेछ।

१६. **<u>खारेजी र बचाउः</u>** (१) प्रदेश विपद् कोष सञ्चालन कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमजिमको कार्यविधि एवं विपद् व्यवस्थापनको सम्बन्धमा प्रदेश सरकार वा सो अन्तरगतका निकायबाट भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>राहत रकम माग गर्ने निवेदनको ढाँचा</u>**

श्री जिल्ला प्रशासन कार्यालय
जिल्ला विपद् व्यवस्थापन समिति
..................जिल्ला।

**विषयः <u>राहत सहयोग गरिदिने बारे</u>**

मिति.........../........../..... गतेका दिन......... जिल्लाको .................महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.............मा भएको विपद्का सम्बन्धमा बागमती प्रदेशको "विपद् खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ बमोजिम राहत सहयोग पाऊँ भनी देहायको विवरण सहित यो निवेदन पेश गरेको छु/छौं ।

(१) विपद्को घटनाः
(२) घाइते/मृतकको नाम, ठेगानाः
(३) घाइते/मृतकको नागरिकताको प्रमाणपत्र नं.ः......... र जारी गर्ने जिल्ला..........
(४) बाबुको नाम थरः
(५) आमाको नाम थरः
(६) अनुमानित क्षतिको विवरण (परिणाम र मूल्य सहित, अतिरिक्त रकम माग गरेको भए सो समेत खुलाउने)ः
(७) मृतकको हकमा हकवालाको नागरिकता प्रमाणपत्र र नाता प्रमाणित पत्रः संलग्न गर्ने।
(८) क्षतिको विवरण यकिन भएको प्रहरी मुचुल्काः संलग्न गर्ने।
(९) घटनासँग सम्बन्धित तस्विरः संलग्न गर्ने।
(१०) आवासका लागि दावी पेश गर्दा घरको नक्सा वा स्केचः पेश गर्ने।
(११) स्थानीय विपद् व्यवस्थापन समिति/वडा समितिको उल्लिखित विवरण सहितको सिफारिसपत्रः (यस्तो सिफारिसमा राहत नलिएको खुल्नु पर्ने)
(१२) राहत माग गरिएको विषयमा कुनै निकाय (संघ वा स्थानीय तह) बाट सोही विषयमा राहत लिए नलिएको : खुलाउने ।
(१३) अन्यः

अनुसूची-२

(दफा १२ सँग सम्बनधित)

**<u>चौमासिक राहत वितरण विवरणको ढाँचा</u>**

मिति.................................. देखि ............................ सम्मको विवरण

| क्र.सं. | स्थानीय तह | राहत लिने व्यक्ति/परिवार | संख्या | राहत शीर्षक | प्रदान गरिएको राहत रकम रु. (जिन्सी भए खुलाउने) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| जम्मा | | | | | | |

(हस्ताक्षर)

प्रशासकीय अधिकृत